REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs. Date: 04.01.2026

## C. Justice Sworn: Vishnu Neupane

केरल उच्च अदालतका वर्तमान न्यायाधीश न्यायमूर्ति ए. मुहम्मद मुस्ताकले आज सिक्किम उच्च अदालतका २४ औँ मुख्य न्यायाधीशका रूपमा गान्तोकस्थित लोकभवनमा आयोजित औपचारिक समारोहमा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो। राज्यपाल ओम प्रकाश माथुरले न्यायमूर्ति मुस्ताकलाई पद तथा गोपनीयताको शपथ गराउनुभयो। राष्ट्रपति द्रौपदी मुर्मुले हिजो न्यायमूर्ति मुस्ताकलाई सिक्किम उच्च अदालतका नयाँ मुख्य न्यायाधीशका रूपमा नियुक्त गर्ने नियुक्तिपत्र जारी गर्नुभएको थियो र हिजै उहाँको नियुक्तिपत्र अधिसूचित भएको थियो। शपथग्रहण समारोहमा मुख्यमन्त्री प्रेमसिंह तामाङ, सिक्किम उच्च अदालतका न्यायाधीशहरू, मन्त्रिपरिषद्का सदस्यहरू, विधायकगण तथा राज्य सरकार र उच्च अदालतका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो। न्यायमूर्ति मुस्ताकको जन्म सन् १९६७ मा केरल राज्यको कन्नुर जिल्लामा भएको हो। तीन दशकभन्दा बढी समयको न्यायिक तथा व्यावसायिक अनुभव बोक्नुभएको न्यायमूर्ति मुस्ताकले सन् १९८९ अक्टोबर १ मा अधिवक्ताका रूपमा नियुक्त भई विभिन्न अदालत तथा वैधानिक निकायहरूमा व्यापक रूपमा वकालत गर्नुभएको छ। न्यायमूर्ति मुस्ताकको नियुक्तिसँगै सिक्किम उच्च अदालतले समृद्ध न्यायिक अनुभव तथा अन्तर्राष्ट्रिय कानुनी दृष्टिकोण प्राप्त गरेको छ, जसलाई राज्यको न्यायिक इतिहासमा एक महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

## CM Justice Oath: CM F. Page

मुख्यमन्त्री प्रेमसिंह तामाङले सिक्किम उच्च अदालतका मुख्य न्यायाधीश न्यायमूर्ति मुहम्मद मुस्ताक अयुमन्तकाठको शपथ ग्रहण समारोहमा उपस्थिति जनाउन पाउँदा आफूलाई खुसी लागेको बताउनुभएको छ। उहाँले भन्नुभएको छ, "म माननीय न्यायाधीश मुहम्मद मुस्ताकलाई यो सम्मानित जिम्मेवारी सम्हाल्नमा सफलता मिलोस् भन्ने कामना गर्दछु। उहाँको बुद्धिमत्ता, अनुभव र संवैधानिक ज्ञानले हाम्रो

राज्यमा कानुनको शासन र न्याय वितरण प्रणालीलाई अझ सुदृढ पार्नेछ भन्ने कुरामा मलाई पूर्ण विश्वास छ।"

## Brail Day: Desk

आज ब्रेल दिवस हो। ब्रेल प्रणालीका आविष्कारक लुइस ब्रेलको सम्मानमा प्रत्येक वर्ष जनवरी ४ मा यो दिवस मनाइन्छ। यसले दृष्टिविहीन व्यक्तिहरूको पहुँच र समान अवसर सुनिश्चित गर्नमा ब्रेलको महत्त्वलाई प्रकाश पार्दछ। यस अवसरमा आज साँझ ७.३५ बजे आकाशवाणी गान्तोकबाट दृष्टिबाधित सुश्री सोनाम डिकी भोटियाद्वारा ब्रेल लिपि प्रयोग गरेर विशेष समाचार बुलेटिन वाचन गरिनेछ।

## CM-Cricket: IPR

सिक्किम सरकारको सहकार्यमा सिक्किम क्रिकेट संघद्वारा रम्फूस्थित सिक्किम क्रिकेट मैदानमा आयोजित पहिलो अन्तर-विभाग क्रिकेट प्रतियोगिताको उद्घाटन आज मुख्यमन्त्री प्रेमसिंह तामाङले गर्नुभयो। यस प्रतियोगिताले राज्यका सरकारी कर्मचारीहरूमाझ खेलकुद संस्कृति र सद्भाव बढाउने दिशामा महत्त्वपूर्ण भूमिका खेल्दछ। यस प्रतियोगितामा २८ सरकारी विभाग र सार्वजनिक क्षेत्रका उपक्रमहरूको सहभागिता रहेको छ, जसको उद्देश्य राज्यमा खेलकुद पारिस्थितिक प्रणालीलाई सुदृढ गर्दै, टोलीगत बल, एकता र खेलकुदको भावनालाई बढावा दिनु हो।

## Docu-Drama Premier: Sikkim Chronicle

आगामी जनवरी ७ मा गान्तोकको जिरो प्वाइन्टस्थित हतकर्घा तथा हस्तकला निर्देशनालयमा आयोजना हुने **मिस्टर एण्ड मिस भोटिया-लेप्चा**-को ग्रान्ड फिनालेमा वृत्तचित्र **"दि ओथ"** को ट्रेलर प्रिमियर गरिनेछ। यो वृत्तचित्र पासाङ मिन्टोक फिल्म्सद्वारा तयार पारिएको र सामतेन भोटियाद्वारा निर्देशन गरिएको हो। यो घोषणा **मिस्टर एण्ड मिस भोटिया-लेप्चा** पहलको स्मरणीय वर्षको अन्त्यतिर आएको हो। **"दि ओथ"** वृत्तचित्रले विरासत, प्रतिबद्धता र सांस्कृतिक पहिचानका विषयवस्तुहरूलाई प्रतिबिम्बित गर्दछ। आयोजकहरूले यस प्रिमियरले सिक्किममा सामुदायिक पहल र अर्थपूर्ण कथा वाचनको बढ्दो अन्तर-सम्बन्धलाई प्रकाश पार्दै, समापन कार्यक्रममा महत्त्वपूर्ण सांस्कृतिक आयाम थप्ने अपेक्षा गरिएको बताएका छन्।

## ECI- APP: NSD

निर्वाचन आयोगले मतदाता सेवा र निर्वाचन सम्बन्धी जानकारी अभिवृद्धि गर्ने उद्देश्यले एकीकृत डिजिटल प्लेटफर्म, ECINet एपलाई सुधार गर्नहेतु सुझाव पेश गर्न नागरिकहरूलाई आमन्त्रित गरेको छ। सुझावहरू

जनवरी १० सम्म ECINet एपमा रहेको **'सुझाव दिनुहोस्'** ट्याबमार्फत साझा गर्न सकिन्छ। निर्वाचन आयोगका अनुसार, ECINet एपको परीक्षण संस्करणले सुधारिएको मतदाता सेवाहरू, मतदान प्रतिशत प्रवृत्तिहरूको छिटो उपलब्धता र मतदान समाप्त भएको ७२ घण्टाभित्र इन्डेक्स कार्डहरूको प्रकाशन प्रदान गर्दछ र यो एप **गुगल प्ले स्टोर** र **एप्पल एप स्टोर** दुवैमा डाउनलोडका लागि उपलब्ध छ।

**समाचार पूरा भयो।**